# ६ सञ्चितकका मार्का वा विशेषताहरु

*<u>यस अध्यायका मूल पदहरू:</u>* हिब्रू ११:८-१२, रोमी ४:१३, १८-२१, मत्ती ६:२४, हिब्रू ९:१४, १ यूहन्ना ५:२,३ र लूका १६:१०-१२।

**यस अध्यायको मूल सार पदः "हामीहरू येशू ख्रीष्टका सेवकहरू र परमेश्वरका रहस्यहरूका सञ्चितकहरू हौं भनेर अरू मानिसले महसुस गरून्। अझ यो थाहा पाउन् कि हामी परमेश्वरका सञ्चितकहरू भएको हुनाले हामी विश्वासिलो छौं" (१ कोरन्थी ४:१,२ रूपान्तरित)।**

सञ्चितक वा भन्डारेहरू तिनीहरूको बिशेषताले गर्दा तिनीहरू चिनिन्छन्। जसरी कुनै सामान बिक्री गर्नुपर्‍यो भने त्यस सामान चिन्ह वा मूल्य हुन्छ। समय बित्दै जाँदा धेरै मानिसहरू तिनीहरूको विशेषता वा विशेष गुणहरूले तिनीहरूलाई प्रख्यात बनाएको पाइन्छ।

येशूलाई विश्वास गरेर सञ्चितक भइन्छ भने तिनीहरूमा पनि बिशेषता देखिएको हुनुपर्छ। त्यो हो तिनीहरूले येशूसँग सम्बन्ध गासेर हिंड्दा तिनीहरूले प्रतिबिम्ब गराउने ख्रीष्टको प्रेम। जब हामी केवल इसाई हौं भनेर मुखलेमात्र दावी गरेर होइन, हामीहरूको जीवन र व्यवहारबाट ख्रीष्टको गुणहरूलाई प्रतिबिम्ब गरेर जिउँछौं तब त्यसले हामीहरूको मार्का वा बिशेषता देखाउँछौं। हामीहरूको मार्का नै उहाँको मार्का हो। हामीहरूको पहिचान उहाँको पहिचानसँग घुलमिलिएको हुन्छ।

परमेश्वरका सञ्चितक वा भन्डारेहरूका पहिचान दिने के के गुण वा मार्काहरू छन् जसले गर्दा "येशूभक्त वा सत्य इसाई" भनेर चिनाउँछन् ती यस अध्यायमा हामी हेर्नेछौं। ती गुणहरू हामीहरूमा भयो भने येशूको आगमनमा आँखा लगाइरहन हामीलाई प्रेरणा मिल्दछ र उहाँको निष्ठावान र विश्वासीलो सञ्चितक भएर हामीलाई सुम्पिएको उहाँको सत्यको निम्ति काम गर्न जागरुक हुन्छौं। प्रत्येक विशेषता वा गुणले हामीहरूको सम्बन्ध हराएकाहरूलाई खोज्न र उद्धार गर्न आउने येशूसँग कतिको गाढा सम्बन्ध छ भनेर देखाउँछ। येशूसँग टाँसिएर हिंड्दा हामीमा हुनुपर्ने गुणहरू जति धेरै अध्ययन गर्छौं त्यति गहिरो हामीहरूको जीवनमा तिनीहरू गाभिन्छन्। परमेश्वरको प्रेमको चरित्र र त्यसको बहुआयामिक पक्षहरू जब हामीहरूको

विशेषता र मार्का हुन्छ तब हामीहरूको जीवनका सबै पक्षहरूमा त्यसले असर पार्दछ। त्यसले केवल क्षणिकमात्र नभएर दिनदिनै र अनन्तसम्म प्रभाव पारिरहन्छ।

## १. विश्वासिलो वा भरपर्दो (१ कोरन्थी ४:२)

**"१ यसरी मानिसले हामीहरूलाई ख्रीष्टका सेवक र परमेश्वरका रहस्यहरूका भण्डारे ठान्नुपर्दछ। २ त्यसबाहेक यो आवश्यक छ, कि भण्डारेहरू विश्वासयोग्य ठहरिनुपर्छ।"** यस जीवनमा जब हामी येशूलाई विश्वास गर्छौं तब विश्वासको असल लडाइँ लड्नुपर्छ (१ तिमोथी ६:१२) र त्यसलाई जित्नुपर्छ। परमेश्वरका असल भण्डारे वा सञ्चितकमा यो कदम निर्णायक हुन्छ। परमेश्वर को हुनुहुन्छ र उहाँले हामीहरूको जीवनमा कस्तो काम गरिरहनुभएको कारणले हामी के भएका छौं सो देखाउने चिन्ह नै हामीहरूमा हुनुपर्ने विश्वासीपना वा उहाँमा निष्ठावान हुनु हो। विश्वासी वा निष्ठावान भएर बस्नु भनेकै जे ठीक छ त्यसमा अडिग भएर बस्नु हो। विशेष गरेर आत्मिक लडाइँमा निष्ठावान हुनु भनेको आगोको ज्वालामा परेर चम्किएर बस्नु हो।

प्रत्येकको जीवनमा ठीक र बेठीक, असल र खराबको बीचमा आत्मिक द्वन्द्व भइनै रहेको हुन्छ। तिनीहरू विश्वासको लडाइँका भागहरू हुन्। प्रत्येक परिस्थितिमा निष्ठावान र विश्वासिलो भएर बस्ने निर्णयले परमेश्वरको सञ्चितक वा भन्डारेको पहिचान गराउँछ। तपाईंले धन सम्पत्तिलाई मन पराउनुहुन्छ भने त्यसमा पनि परमेश्वरप्रति विश्वासलाई समेट्न सक्नुपर्छ नत्र भने पैसाको लोभमा फसेर कस्तो खतरा हुन्छ भनेर उहाँले दिनुभएको चेतावनीमा तपाईं पर्नुहुनेछ। यदि तपाईं लोकप्रिय र प्रख्यात हुन चाहनुहुन्छ भने परमेश्वरको वचनमा भने अनुसार नम्र भएर बस्ने निर्णय गर्नुपर्छ। यदि तपाईंको मन बरालिएर जतातत्तै नराम्रो सोचमा लाग्छ भने परमेश्वरले दिनुभएको पवित्रताको प्रतिज्ञाहरूमा निष्ठावान भएर बस्नुपर्छ। यदि तपाईं अगुवा हुन चाहनुहुन्छ र अधिकार लिएर शासन गर्न चाहनुहुन्छ भने सबैको सेवक हुनुपर्छ भन्ने परमेश्वरको वचनलाई आत्मसात् गर्नुपर्छ। विश्वासिलो हुने र बेइमान हुने निर्णय प्रायजसो क्षणिक भरमा हुनसक्छ, तर त्यसको परिणामले अनन्तसम्म असर पार्न सक्छ।

**परमेश्वरप्रतिको विश्वासलाई थामेर बस्नु वा निष्ठावान हुनु भनेको के हो भनेर देहायका केही पदहरूले हामीलाई कसरी सिकाउँछ? हेर्नुहोस्ः हिब्रू**

११:८-१२ "८ विश्वासद्वारा अब्राहामले आज्ञापालन गरे, र जाऊ भनेको ठाउँतिर गए, जुन ठाउँ उत्तराधिकारको रूपमा उनले पछि पाउनेथिए, यद्यपि उनी कतातिर गइरहेका थिए, त्यो उनलाई थाहा थिएन। ९ विश्वासैद्वारा उनी एक परदेशीझैं प्रतिज्ञाको देशमा इसहाक र याकूबजस्तै तम्बूहरूमा बसोबास गरे। उनीहरू अब्राहामसँगसँगै उही प्रतिज्ञाका हकदार थिए। १० किनकि उनले एउटा जग भएको सहरको प्रतीक्षा गर्थे, जसलाई बनाउने र निर्माण गर्ने परमेश्वर नै हुनुहुन्छ। ११ विश्वासैद्वारा साराले पनि आफ्नो उमेर ढल्किसकेपछि गर्भधारण गर्ने शक्ति प्राप्त गरिन्। किनभने प्रतिज्ञा गर्नुहुनेलाई तिनले विश्वासयोग्य ठानेकी थिइन्। १२ यसैकारण मरेतुल्य शरीर भइसकेको एउटै मानिसबाट आकाशका तारा जत्तिकै असंख्य र समुद्रका किनारका अनगिन्ती बालुवाका कण जत्तिकै सन्तान उत्पन्न भए।...१७-१९ "१७ विश्वासद्वारा आफ्नो परीक्षा हुँदा अब्राहामले इसहाकलाई बलि चढ़ाए। उनले प्रतिज्ञाहरू पाएका थिए, तापनि आफ्नो एउटै छोराको बलि चढ़ाउन उनी तयार भए। १८ यिनकै विषयमा यसो भनिएको थियो, “इसहाकद्वारा नै तेरो सन्तानको नाउँ रहनेछ।” १९ परमेश्वरले मानिसहरूलाई मरेकोबाट पनि फेरि जीवित पार्न सक्नुहुन्छ भन्ने कुरा अब्राहामले सोचे, र भनौं भने, उनले इसहाकलाई फिर्ता पाए।" र रोमी ४:१३ "१३ संसारको उत्तराधिकारी हुनलाई अब्राहाम र उनको वंशलाई दिइएको प्रतिज्ञा व्यवस्थाद्वारा आएको होइन, तर विश्वासको धार्मिकताद्वारा आएको हो।...१८ “तिम्रो सन्तान पनि यस्तै असंख्य हुनेछन्” भनेर परमेश्वरले भन्नुभएअनुसार, आशा पटक्कै नहुँदा पनि अब्राहामले आशा राखी विश्वास गरे, र यसरी उनी धेरै जातिहरूका पिता बने। १९ प्रायः सय वर्ष पुगिसकेका अब्राहाम मरेतुल्य भइसकेको आफ्नो शरीर तथा साराको कोख बाँझो भएको बुझेर पनि विश्वासमा कमजोर भएनन्। २० परमेश्वरको प्रतिज्ञाबारे कुनै शङ्काले उनलाई डगमगाउन सकेन, तर आफ्नो विश्वासमा दह्रिलो भएर उनले परमेश्वरलाई महिमा दिए। २१ प्रतिज्ञा गर्नुभएको कुरा परमेश्वरले गर्न पनि सक्नुहुन्छ भन्ने अब्राहामलाई पूरा निश्चय थियो। २२ यसैकारण पनि उनको विश्वास “उनको निम्ति धार्मिकता गनियो।”

**हिब्रू भाषामा** "विश्वासिलो" हुनु भनेको भरपर्दो हुनु हो। "आमेन" भन्ने शब्द त्यही हिब्रू शब्दको जरा हो। त्यसको खास अर्थ ठोस, मजबुत र सत्यमा अडिग भएर बस्नु हो। यसको अर्थ स्थिर, पक्का वा दरिलो हुनु पनि हो। विश्वासिलो वा भरपर्दो हुनु भनेको हामी जाँचिएका र हामीहरूको चरित्र पक्का

र भरपर्दो भएको छ भनेर प्रमाणित हुनु हो ।अनि हामी परमेश्वरको योजनामा हामी समर्पित भएर अडिग भएर बसेका छौं भनेर प्रमाणित गरेका छौं।

जर्मनको सम्राटको अघि बोल्न आफूलाई तयार गरिरहँदा इसाई सुधारक मार्टिन लुथरले "परमेश्वरको वचनलाई पढे, आफ्ना लेखहरूलाई हेरे र कस्तो उपयुक्त खालको जवाफ दिने भनेर सोच्दै थिए।...उसले पवित्र धर्मशास्त्रको नजिक आफूलाई ताने...अनि भावपूर्ण तरिकाले आफ्नो बायाँ हात पवित्र धर्मशास्त्रमा राखे र दायाँ हात स्वर्गतिर उचालेर सुसमाचारको सन्देशमा निष्ठावान भएर बस्ने शपथ खाए, आफ्नो रगतले उसको गवाहीमा छाप लगाएतापनि निडर भएर आफ्नो विश्वासलाई स्वतन्त्र रूपमा गवाही दिने उनले प्रतिवद्धता व्यक्त गरे।"-जे.एच. मर्ल डअबिगने, *हिस्टोरी अभ रिफोर्मेशन* (न्यु योर्कः द अमेरिकन ट्राक्ट सोसाइटी, १८४६), ठेली २, बुक ७, पृ. २६०बाट रूपान्तरित।

**प्रकाश २:१०मा भनिएको छः "तिमीले भोग्नै लागेका कष्टहरूसँग नडराओ। हेर, दियाबलसले तिमीहरूमध्ये कतिलाई तिमीहरूका जाँचको निम्ति कैदमा हाल्न आँटेको छ, र तिमीहरूलाई दशै दिन कष्ट हुनेछ। तिमी मृत्युसम्मै विश्वासी होओ, र म तिमीलाई जीवनको मुकुट दिनेछु।" जब हामी प्रत्येक दिन प्रभुसँग हिँड्छौं तब "मृत्युसम्मै विश्वासीलो होओ" भन्नुको अर्थ के हुन आउँछ?**

## २. निष्ठावान वा बफादार (१ इतिहास २८:९)

**“कसैले पनि दुई मालिकको सेवा गर्न सक्दैन। उसले एक जनालाई घृणा गर्छ भने अर्कोलाई माया गर्छ, अथवा एक जनाप्रति बफादार हुन्छ भने अर्कोलाई तिरस्कार गर्छ। तिमीले परमेश्वर र धनसम्पत्तिको सेवा गर्न सक्दैनौ।" (मत्ती ६:२४ रूपान्तरित)। हामीहरूको जीवनमा परमेश्वरप्रति हामीहरूको निष्ठा वा बफादारिताले उच्च प्राथमिकता पाउनुपर्छ भनेर उक्त पदले कसरी बताउँछ?**

परमेश्वरको नाउँको अर्को अर्थ हो “डाहा" (प्रस्थान ३४:१४)। यसले गर्दा हामीहरू निष्ठा वा बफादारितामा कस्तो संवेदनशील हुनुपर्छ भनेर बुझ्नुपर्छ। डाहा गर्ने परमेश्वरप्रति बफादार हुनु भनेको प्रेमप्रति बफादार हुनु हो। विश्वासको लडाईंमा बफादारिताले हामी को हौं भनेर परिचय दिन्छ र युद्धमा अडिग भएर बस्न साहस दिन्छ।

परमेश्वरप्रति बफादारी हुनु उहाँको निम्ति महत्त्वपूर्ण छ (१ राजा ८:६१)। बफादारी हुनु भनेको परमेश्वरलाई हामीहरूको जीवनलाई ठेक्का दिनु होइन न त रितिथितिलाई मानेर उहाँलाई खुशी पार्न खोज्नु हो। परमेश्वरप्रति बफादार हुनु भनेको हामीहरूको समर्पणता, व्यक्तिगत विश्वास र आस्थालाई सार्वजनिक रूपमै व्यक्त गर्नु हो।

**परमेश्वरको निम्ति हामीहरूको बफादारिता कतिको महत्त्वपूर्ण छ भनेर १ इतिहास २८:९ले कसरी बताउँछ? हेर्नुहोस्: "उनले सोलोमनलाई भने, "मेरो छोरो, म तिमीलाई यो आदेश दिन्छु कि आफ्ना बुबाका परमेश्वरलाई ग्रहण गरी तन मनले उहाँको सेवा गर। उहाँले हाम्रा सबै सोच र कामनाहरू जान्नुहुन्छ। तिमी उहाँको शरणमा गयौ भने उहाँले तिमीलाई ग्रहण गर्नुहुनेछ। तर तिमीले उहाँलाई त्याग्यौ भने उहाँले तिमीलाई सदाको निम्ति त्याग्नुहुनेछ।"**

जहाँ निष्ठा र बफादारिताको माग हुन्छ त्यहाँ गद्दारी वा विश्वासघातको पनि सम्भावना हुन्छ। निष्ठा वा बफादारिता भनेको प्रेम जस्तै दिल खोलेर उपलब्ध गराउनुपर्छ करले निष्ठावान भइयो भने त्यो सही निष्ठा वा बफादारीता हुँदैन। युद्धमा कहिलेकाहीँ सिपाहीँहरूलाई शत्रुको सामु अगाडि नै लडाईँ गर्न खटाइन्छ यदि लडाईँबाट भागे भने हाकिमले तिनीहरूलाई मार्न सक्छ। ती मानिसहरूले आफ्नो कर्तव्य त पालन गर्लान् तर हाकिमको हुकुम वा आफू लड्ने देशप्रति बफादारी भएर होइन। (भाडाका सैनिकहरूले पैसाको निम्ति लड्छन् तर देशप्रति बफादारी भएर लड्छन् भन्ने छैन)। त्यस्तो खालको निष्ठा वा बफादारिता परमेश्वरले अपेक्षा गर्नुहुन्न।

अय्यूबको मामिलालाई हेर्नुहोस्। भविष्यमा हुने अनेकौं महान बिपत्तिहरू उनलाई थाहा थिएन। उनको परिवार, श्रीसम्पत्ति र आफ्नो स्वास्थ्य पनि नाश भएको उनले सहनुपरेको थियो। परमेश्वरमाथिको भरोसा, प्रेम र समर्पणता उनले सजिलैसँग छोड्न सक्थे। तर जुनसुकै परिस्थितिमा पनि परमेश्वरप्रति निष्ठावान भएर बस्नु नै उनले आफ्नो नैतिक जिम्मेवार देखेका थिए। इमान्दारिपूर्वक सार्बजनिकरूपमै परमेश्वरको प्रशंसा गर्न नहिचिकिच्याइ उनले यो प्रख्यात शब्दहरू उच्चारण गरे "उहाँले मलाई मारे पनि म उहाँलाई विश्वास गर्न म छोड्दिन।" (अय्यूब १३:१५ रूपान्तरित)। महान बिपद र पीडामा पनि अय्यूबले देखाएको निष्ठाले परमेश्वरको उच्चकोटीको बफादारी सञ्चितक वा भण्डारेपन उनले देखाएका थिए। अय्यूबको निष्ठा वा बफादारिता हामी सबैको निम्ति अनुकरणीय उदाहरण हो।

तपाईं आफूले आफैलाई सोध्नुहोसः मेरो निम्ति जीवन दिनुहुने परमेश्वरप्रति म कतिको निष्ठावान छु? उहाँप्रति म निष्ठावान छु भनेर मैले प्रकट गर्ने के के तरिकाहरू छन्?

## ३. बिशुद्ध र स्पष्ट विवेक (हिब्रू १०:१९-२२)

हामीहरूको जीवनमा धेरै अमूल्य थोकहरू हामीसँग हुनसक्छ। असल स्वास्थ्य, प्रेम, मित्ररू र ठूलो परिवार-यी सबै आशिषहरू हुन्। तर ती सबैभन्दा अति मूल्यवान थोक हामीमा भएकोचाहीँ निर्मल वा सफा विवेक हो। (विवेकलाई नेपाली भाषामा अरू शब्दहरूले व्याख्या गरिएका छन्ः चैतन्य, अन्तरात्मा, असल खराब छुट्याउने मानसिक शक्ति,अन्तर-विवेक, नैतिक काम गरेको र नगरेको महसुस आदि)।

**दुष्ट विवेक वा रन्केको फलामले डामेको विवेक (वा पत्थरी विवेक अर्थात् हृदय) भनेको के हो भनेर देहायका केही पदहरूले कसरी बुझाउँछन्? हेर्नुहोस्ः हिब्रू १०:१९-२५ "१९ यसकारण हे भाइहरू हो, येशूको रगतले गर्दा हामी महापवित्र स्थानमा साहससँग पस्न सक्छौं। २० उहाँले आफ्नो शरीररूपी पर्दाबाट हाम्रो लागि नयाँ र जीवन दिने बाटो खोलिदिनुभयो। २१ परमेश्वरको घरमा अधिकारसम्पन्न अब हाम्रो एक जना ठूला पूजाहारी हुनुहुन्छ। २२ *खराब विवेकबाट हाम्रा मन चोख्याइएको छ र शुद्ध पानीले हाम्रो शरीरलाई धोइएको छ। यसकारण साँचो मन र पक्का विश्वासले निर्धक्क भएर हामी परमेश्वरकहाँ जाऔं*। २३ हामीले राखेका आशा बलियोसँग समातिराखौं किनभने आफूले गरेको प्रतिज्ञा परमेश्वरले पूरा गर्नु नै हुनेछ। २४ हामी आपसमा एक-अर्कालाई प्रेम र भलाइ गर्ने कुरामा, उत्साह दिने कुरामा विचार गर्ने गरौं। २५ कसै-कसैको संगतिमा नआउने बानी छ। त्यसो नगरौं। त्यसमा पनि बरु प्रभुको दिन आउन आँट्यो भन्ने जानेर एक-अर्कालाई अझ हौसला दिने गरौं।" र १ तिमोथी ४:१,२ "१ पवित्र आत्माले प्रष्टै भन्नुहुन्छ, पछिपछि कति मानिसहरूले विश्वासै गर्न छोड्नेछन्। उनीहरूले भर्माउने आत्माका कुरा सुन्नेछन् अनि भूतले दिएका शिक्षा मान्नेछन्। २ यस्ता शिक्षाहरू झूटा कपटी मानिसबाट आउँछ, जसको विवेक रन्केको फलामले डामेर मरिसकेको हुन्छ।"**

हामीहरूको अन्तरात्मा वा विवेक वा सानो आवाज जसले यो गर्नुहुन्छ र हुँदैन भन्छ त्यसले बाहिरी जीवनको लागि हाकिमको रूपमा काम गर्दछ। हामीहरूको विवेक उच्च र सिद्ध आदर्शमा टाँसेर राख्नु जरुरी छ। त्यो आदर्श

हो, परमेश्वरको दश आज्ञा। आदमको हृदयमा परमेश्वरले ती आज्ञाहरू कोर्नुभएको थियो। तर पापले झण्डै ती आज्ञाहरूलाई धरासयी बनाएको थियो जुन् उनमा र उनको वंशमा फैलियो। (के आज्ञाहरू आदमले खास तोडे त? शैतानको कुरा सुनेर आदम र हव्वाले "म बाहेक अरू कुनै देवताहरू छैन" भन्ने आदेशलाई आफै देवता हुन चाहना गर्नु र परमेश्वरले नखानु भनेको फललाई सुटुक्क परमेश्वरसँग अनुमति नमागी अरूले भन्यो भन्दैमा विवेकलाई कुल्च्याएर चोरेर खानु)। तै पनि परमेश्वरका आज्ञाहरूको केही न केही भागहरू बाँकी थियो। " १२ परमेश्वरले दिनुभएको व्यवस्थाबिना ज-जसले पाप गरे, तिनीहरू त्यो व्यवस्थाबिना नै नाश हुनेछन्। व्यवस्था जान्नेले पाप गरे भने तिनीहरू त्यही व्यवस्थाबाटै दोषी ठहराइन्छन् १३ किनभने व्यवस्था सुनेर मात्र मानिसको सम्बन्ध परमेश्वरसँग ठीक हुँदैन तर व्यवस्था पालन गरेर नै परमेश्वरसँग मानिसको सम्बन्ध ठीक रहन्छ। १४ *अन्यजातिका मानिसहरूसँग यहूदीहरूको व्यवस्था छैन। तर तिनीहरूले स्वभावैले व्यवस्थाका कुरा पालन गर्छन्। यी पालन गरेका कुराले नै तिनीहरू आफैं व्यवस्था हुन् भन्ने देखाउँछ*। १५ *तिनीहरूका हृदयमा व्यवस्थाले चाहेको कुरा लेखिएको छ भनी आफ्ना चालचलनले देखाउँछन्। त्यसो हुँदा तिनीहरूको विवेकले कुनै बेला आफूलाई दोष लगाउने र कुनै बेला आफ्नो लागि बहाना गर्ने गर्छ।* १६ यी कुरा परमेश्वरले येशू ख्रीष्टद्वारा मानिसको हृदयमा भएको गुप्त कुराको न्याय गर्नुहुने दिनमा हुनेछ। यी कुरा मैले प्रचार गरेको सुसमाचारअनुसार हो।" रोमी २:१२-१६। जहाँ आदम असफल भयो त्यहाँ येशूले सफलता पाउनुभयो किनकि परमेश्वरको व्यवस्था उहाँको हृदयमा गाभिएको थियो (भजन ४०:८)।

**हामीहरूको खराब विवेकको समाधान के हो त? पावलले के भन्छन् पढ्नुहोस् " तर ख्रीष्टको रगतमा हामीलाई शुद्ध तुल्याउने अझ ठूलो शक्ति छ। सधैंभरि रहिरहनुहुने परमेश्वरका आत्माद्वारा उहाँले सिद्ध बलि भएर आफैंलाई परमेश्वरकहाँ चढाउनुभयो। त्यसो हो भने हामीले जीवित परमेश्वरको सेवा गर्न सकौं भनी व्यर्थैका विधिबाट हाम्रा विवेकलाई ख्रीष्टको रगतले झन् कति ज्यादा गरी शुद्ध पार्न सक्छ।" हिब्रू ९:१४।**

"माकुराको जालोले जस्तो छोपिरहेको हामीहरूको विवेकको दराजलाई तोड्नुपर्छ। खाली संसारतिरमात्र आँखा लगाउने हामीहरूको अन्तरात्मालाई बन्द गरेर स्वर्गतिर खुला गर्नुपर्छ। यदि हामीले हामीहरूको विवेकलाई

स्वर्गतिर खुलाएर राख्यौं भने धार्मिकताको सूर्यको चहकिलो किरण स्वतन्त्ररूपमा पस्न सक्छ।...हामीहरूले हामीहरूको दिमागलाई यसरी स्वच्छ वा सफा राख्नुपर्छ कि कुन असल कुन खराब हो छुट्याउन सकौं।"-एलेन जी ह्वाइट, माइन्ड, बडि, क्यारेक्टर एण्ड पर्सनालिटी, ठेली १, प. ३२७बाट रूपान्तरित। जब परमेश्वरको वचन विश्वासीको दिमागमा कोरिन्छ (हिब्रू ८:१०) र विश्वासीले त्यस व्यवस्थाप्रति निष्ठावानभएर पालन गर्न खोज्दछ तर त्यसको नतिजा सफा, निर्मल र शुद्ध विवेक हुनसक्छ।

**तपाईंले केही नराम्रो गर्नुभयो र तपाईंको विवेकमा त्यसले घचघच्याइरहेको छ र वेचैन तुल्याइरहेको छ, त्यसलाई दवाउन अनेकौं कामहरू गर्नुहुन्छ वा अमलमा फस्नुहुन्छ भने त्यसलाई हटाउन येशूको जीवन र क्रुसको मृत्युमा कसरी आँखा लगाउने जसले गर्दा त्यस दोषी विवेकबाट तपाईं स्वतन्त्र हुन्छ?**

## ४. परमेश्वरको आज्ञालाई शिरोपर गरेर चल्नु (१ यूहन्ना ५:२,३, रोमी १:५,१०:१६,१७)

परमेश्वरले आज्ञा गर्नुभए अनुसार हाबिलले पाठो लिएर बेदीको मुनि घुँडा टेकेका थिए। तर कयिनले रिसले चुर भएर फलफूल लिएर आफ्नो बेदीको मुनि घुँडा टेकेको थियो। दुवै जनाले भेटीहरू त ल्याएका थिए। तर केवल एक भाइले मात्र परमेश्वरको आज्ञालाई मानेको थियो। मारिएको थुमालाई परमेश्वरले ग्रहण गर्नुभयो तर जमिनको फलफूललाई ग्रहण गर्न परमेश्वरले अस्वीकार गर्नुभयो। बलिको निम्ति के र किन चढाउनुपर्छ भन्ने त्यसको अर्थ र निर्देशनको बारेमा दुवै दाजुभाइलाई थाहा थियो। तर केवल एक जनालेमात्र परमेश्वरको निर्देशनलाई पालन गर्‍यो।

“कयिनले परमेश्वरको योजनालाई लत्याउँदा हावेलको अकालमै मृत्यु भयो। पशु बलिले  येशूको बलिलाई औंल्याउँथ्यो। संसारको पापलाई शुद्ध गर्न येशूले बगाउने रगतको प्रतीकलाई कयिनले अस्वीकार गरेको थियो।"-एलेन जी ह्वाइट कमेन्टस्, द एसडिए बाइबल कमेन्टरी, ठेली ६, पृ. ११०९बाट रूपान्तरित।

वचन पालन गर्ने वा आज्ञा पालन गर्ने स्थिति मानिसको दिमागबाट सुरू हुन्छ। आफूभन्दा उच्चको निर्देशनलाई जिम्मेवारीपूर्वक स्वीकारेर पालन गर्न पहिला दिमागमा घुसाउनुपर्छ र त्यसलाई पालन गर्ने कि नगर्ने भनेर

दिमागमा खियाउनुपर्छ। स्वविवेकले कसैको वचन पालन गर्नु भनेको वचन लिने र दिनेको सम्बन्धमा भर पर्छ। परमेश्वरसँग जब हामीहरूको सम्बन्धको भरमा हामीहरूले उहाँको आज्ञा पालन गर्नुभनेको स्वइच्छाले हुन सक्छ। हामीहरूको नैतिक जिम्मेवारीलाई उचित रूपमा ढालेर चरित्रवान हुन परमेश्वरको प्रेमले हामीलाई अभिप्रेरित गर्नुपर्छ। हामीहरूले सोचेको अनुसार वा चाहना अनुसार परमेश्वरलाई मान्ने नमान्ने मात्र नभएर उहाँको निश्चित निर्देशनलाई पालन गर्नु पर्छ। आफ्नै पाराले वा मन अनुसार काम गर्नु वा उच्च आदर्श तथा परमेश्वरको निर्देशनलाई दवाएर चल्दा के हुन्छ भन्ने ज्वलन्त उदाहरण कयिनबाट हामीले पाउँछौं।

**मुक्ति पाउन परमेश्वरको आज्ञा पालन गर्ने होइन तर विश्वासबाट हुन्छ भनेर थाहा पाउँदा पाउँदै पनि यदि हामीहरू येशूभक्त हौं भने परमेश्वरको आज्ञालाई शिरोपर गरेर चल्नुपर्छ भनेर देहायका केही पदहरूले हामीहरूलाई कसरी सिकाउँछन्? हेर्नुहोस्ः १ यूहन्ना ५ः१-५ "१ येशूलाई मुक्ति दिने राजा ख्रीष्ट भनेर विश्वास गर्ने जति सबै परमेश्वरका सन्तान हुन्। पितालाई प्रेम गर्नेले पुत्रलाई पनि प्रेम गर्छ। *२ परमेश्वरलाई प्रेम गरेर अनि उहाँको आज्ञा मानेर नै उहाँका सन्तानलाई हामी प्रेम गर्छौं भन्ने थाहा हुन्छ ३ किनभने परमेश्वरको आज्ञा मान्नु नै उहाँलाई प्रेम गर्नु हो। उहाँका आज्ञाहरू त्यति कठिन छैनन्* ४ किनभने परमेश्वरको प्रत्येक सन्तानले संसारलाई नै जित्न सक्नेछ। हाम्रो विश्वासले नै हामी संसारलाई जित्छौं। ५ कसले संसार जित्न सक्छ ? येशूलाई परमेश्वरका पुत्र भनेर विश्वास गर्नेले नै संसार जित्छ।", रोमी १ः३-६ "३ सुसमाचारचाहिँ परमेश्वरका पुत्र हाम्रा प्रभु येशू ख्रीष्टको बारेमा हो। उहाँ मानिस भएर हाम्रा राजा दाऊदकै वंशमा जन्मिनुभयो। ४ पवित्र आत्माले देखाउनुभएअनुसार उहाँ परमेश्वरको शक्तिशाली पुत्र पनि हुनुहुन्छ। यो कुरा उहाँ मरेर पनि बिउँतिएकोले प्रकट गर्छ। ५ *हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरले मलाई अनुग्रह देखाएर आफ्नो विशेष दूत बनाउनुभयो। सबै जातिका मानिसहरूले विश्वास गरेर उहाँले भनेका कुरा मानून् भनी म उहाँका नाउँमा खटाइएको हुँ।* ६ तिमीहरू पनि येशू ख्रीष्टका हुन बोलाइएका छौ। र रोमी १०ः१६-१८ "१६ तर सुन्नेहरू धेरैले चाहिँ सुसमाचारको वास्तै गरेनन्। अगमवक्ता यशैया भन्छन्, "प्रभु, हामीले भनेका कुरा कसले पो विश्वास गऱ्यो र?" १७ यो हामीलाई थाहा छ, विश्वासचाहिँ सुनेर आउँछ र सुन्ने कामचाहिँ ख्रीष्टको प्रचारबाट हुन्छ। १८ त्यसो भए के तिनीहरूले सुन्न**

**पाएनन्? होइन, सुने। "तिनीहरूको आवाज पृथ्वीभरि फैलियो र तिनीहरूले भनेका कुरा संसारका कुनाकुनासम्म पुगे।"**

स्वर्ग जान वा मुक्ति पाउन हामी परमेश्वरका आज्ञाहरू पालन गर्दैनौं तर मुक्ति पाएकै कारणले वा येशूले हामीलाई पापबाट उद्धार गर्नुभएकै कारणले हामी उहाँका आज्ञाहरूलाई शिरोपर गरेर चल्छौं। नैतिक विश्वास तथा आस्था अनुसार हामी चलेका छौं भनेर मुखले होइन व्यवहारमा देखाउने चरित्र नै परमेश्वरको आज्ञा वा वचनलाई गरेर देखाउनु हो। राजा सावललाई अगमबक्ता शमूएलले भनेको थिए, " **२२ शमूएलले भने, "परमप्रभुले कुन कुरा बढ्ता रुचाउनुहुन्छ? आज्ञापालन, भेटी वा बलि? सबैभन्दा असल भेडा बलिदान गरेको भन्दा उहाँको आज्ञापालन गरेको वा उहाँको आवाजलाई मान्नु अझ बढी असल हो। २३ उहाँको विरुद्धमा विद्रोह गर्नु तन्त्र-मन्त्रको पापजस्तै हो र घमण्ड गर्नु मूर्तिपूजाजस्तै पाप हो। तिमीले परमप्रभुको आज्ञा अस्वीकार गरेको हुनाले उहाँले तिमीलाई राजा मान्न अस्वीकार गर्नुभएको छ।"(रूपान्तरित)।**

**असल वा मोटो मोटो भेटी चढाउनुभन्दा आज्ञा पालन गर्नु उत्तम हो भनेर शमूएलले भनेको अर्थ के हो? इसाई भएर दावी गर्ने तर परमेश्वरको व्यवस्था वा दश आज्ञाहरू क्रुसमा टाँगियो अब हामीले पालन गर्नुपर्दैन भने अधिकांश इसाईहरूले सिकाउँछन्। अनुग्रह भएपुगिहाल्छ नि परमेश्वरका आज्ञाहरू पालन गर्नुपर्दैन भनेर सिकाउने हल्का वा सस्तो अनुग्रहको सुसमाचारबाट हामी कसरी सुरक्षित हुने?**

## ५. विश्वासिलो, भरपर्दो (लूका १६:१०-११)

यदि हामी परमेश्वरका असल भन्डारे हौं वा उहाँले सुम्पनुभएका थोकहरूको सञ्चितक हौं भने हामीमा हुनुपर्ने भरपर्दो र विश्वासिलो भन्डारेको गुण किन हुनुपर्छ भनेर येशूले भन्नुभएको देहायको वचनले कसरी सिकाउँछ? हेर्नुहोस् लूका १६:१०-१२ "१० येशूले फेरि भन्नुभयो, सानो कुरामा भरपर्दो मानिसचाहिँ ठूलो कुरामा पनि भरपर्दो हुन्छ। त्यस्तै सानो कुरामा बेइमान हुने मानिस ठूलो कुरामा पनि बेइमान नै हुन्छ। ११ संसारको धनको कारोबारमा विश्वास गर्न नसकिनेलाई सत्यको धनको निम्ति कसरी विश्वास गर्न सकिन्छ र? १२ तिमीहरू अर्काको धनमा विश्वासी हुँदैनौ भने तिमीहरूले पाउनुपर्ने धन कसले देला र?"

**मानिसमा हुनुपर्ने** विश्वासिलो हुनु, भरपर्दो हुनु, निष्ठावान हुनु जस्ता नैतिक गुणहरूको आवश्यकताले बाइबलभरिएका छन्। उदाहरणमा, पुरानो करारमा चार जना लेवीहरूको बारेमा एउटा कथा उल्लेख गरिएको छ। परमेश्वरको मन्दिरको ढुकुटीलाई रातभर सुरक्षा दिन तिनीहरूलाई खटाइएको थियो। प्रत्येक बिहान त्यस ढुकुटीको ढोका खोल्न तिनीहरूलाई चाबी दिइएको थियो (१ इतिहास ९:२६,२७)। ती लेवीहरू विश्वासिलो र भरपर्दो भएर नै त्यो कामको जिम्मा तिनीहरूलाई दिइएको थियो।

असल सञ्चितक वा भन्डारेको चरित्र भरपर्दो वा विश्वासिलो हुनुपर्छ। त्यसको अर्थ विश्वासिलो र कर्तव्यपरायण भन्डारेले आफूलाई दिइएको जिम्मेवारीलाई भित्री हृदयदेखि नै बुझेको हुन्छ। परमेश्वर भरपर्दो हुनुहुन्छ भनेर तिनीहरूलाई थाहा हुन्छ र तिनीहरू पनि परमेश्वरको त्यही गुणलाई अनुसरण गर्ने लक्ष्यमा पुग्न चाहना गरेको हुन्छ (व्यवस्था ३२:४ “४ परमप्रभु तिम्रा प्रतापी रक्षक हुनुहुन्छ, सबै कुरामा सिद्ध र न्यायी हुनुहुन्छ। तिम्रा परमेश्वर विश्वासयोग्य र सत्य हुनुहुन्छ, जे कुरा ठीक र न्यायपूर्ण छ, त्यो उहाँले गर्नुहुन्छ।" र १ राजा ८:५४-६१ “५४ सोलोमनले परमप्रभुलाई अर्जीबिन्ती गरिसकेपछि आफ्ना हात उचालेर घुँडा टेकी वेदीको सामुन्ने तिनी खडा भए। ५५ सोर उचालेर तिनले त्यहाँ भेला भएका सबै मानिसहरूमाथि परमेश्वरको आशीर्वाद मागेर बिन्ती गरे। तिनले भने, ५६ "परमप्रभुको प्रशंसा गर, जसले आफ्नो प्रतिज्ञाअनुसार आफ्ना प्रजालाई शान्ति दिनुभएको छ। आफ्नो सेवक मोशाद्वारा ठूलो मनले दिनुभएको सबै प्रतिज्ञाहरू उहाँले पूरा गर्नुभएको छ। ५७ परमप्रभु हाम्रा परमेश्वर हामीसित हाम्रा पुर्खाहरूसित झैं रहनुभएको होस्। उहाँले कहिल्यै हामीलाई नछोड्नुभएको होस् वा नत्याग्नुभएको होस्। ५८ उहाँले आफूप्रति आज्ञाकारी बनाउनुभएको होस् र हामी सधैं उहाँको इच्छाअनुसार जिउन सकौं र उहाँले हाम्रा पिता-पुर्खालाई दिनुभएका सबै आज्ञा र नियमहरू पालन गर्न सकौं। ५९ मैले आज चढाएका यी अर्जीबिन्तीहरू र यो प्रार्थना परमप्रभु हाम्रा परमेश्वरले सबै समय याद राख्नुभएको होस्। उहाँ सदैव इस्राएलका प्रजा र तिनका राजाप्रति तिनीहरूको दिन-दिनको खाँचोअनुसार कृपालु हुनुभएको होस्। ६० यसरी परमप्रभु मात्र परमेश्वर हुनुहुन्छ, अरू कोही ईश्वर छैनन् भनी संसारका सबै जातिहरूले थाहा पाउनेछन्। ६१ तिमीहरू उहाँका प्रजा सदाकाल परमप्रभु हाम्रा

परमेश्वरप्रति विश्वासयोग्य रहून् र आजझैं उहाँका आज्ञा र नियमहरू पालन गर्नू।"

विश्वासिलो हुनु, निष्ठावान हुनु र भरपर्दो हुनु भनेको परिपक्व मानिसका स्वभावहरू हुन्। यो चरित्रको उच्च आदर्शको तह हो र उससँग व्यवहार गर्ने मानिसले उसमा विश्वासिलो हुने खुबी छ भनेर याद गरेको हुन्छ। परमेश्वरको चरित्रलाई प्रतिबिम्बित गर्नु भनेको तपाईंले जे वचन दिनुहुन्छ त्यो वचन तपाईंले पूरा गर्नुहुनेछ। जुनसुकै परिस्थितिमा पनि मानिसहरूले जति दवाव दिएतापनि तपाईं आफ्नो वचन र प्रतिज्ञामा प्रतिवद्ध भएर देखाउनुहुनेछ (२ राजा १२:९-१६ "९ यहोयादाले एउटा सन्दुक लिएर त्यसको ढकनीमा प्वाल पारे र परमप्रभुको मन्दिरमा पस्दा दाहिनेपट्टि पर्ने वेदीको छेउमा राखे। परमप्रभुको मन्दिरको ढोकामा सेवा गर्ने पूजाहारीहरूले त्यस सन्दुकमा भक्तहरूले दिएका पैसा हाल्थे। १० सन्दुकमा धेरै धन भरिएपछि राजकीय अधिकारी र मुख्य पूजाहारी आउँथे र पैसा गनेर थैलामा भर्थे। ११ त्यसको ठीक हिसाब लिएपछि तिनीहरूले परमप्रभुको मन्दिरमा काम गर्नेहरूका हातमा धन दिन्थे अनि तिनीहरूले त्यसबाट मन्दिर बनाउनेहरू, सिकर्मीहरू १२ र डकर्मीहरू, ढुङ्गा काट्नेहरूका ज्याला दिन्थे, परमप्रभुको मन्दिरको मर्मतको काममा लाग्ने काठपात र ढुङ्गाहरू किन्थे र अरू सबै चाहिने खर्च गर्थे। १३ तर चाँदीका कचौरा, डबका, तुरही वा पानससित चलाउने औजार वा अरू कुनै चाँदी वा सुनका सामान बनाउने काममा त्यस धनबाट खर्च गरिंदैनथ्यो। १४ त्यो सबै धन काम गर्नेहरूलाई ज्याला दिन र मरमतको लागि चाहिने चीजबीज किन्न मात्र खर्च गरिन्थ्यो। १५ कामको जिम्मा लिने कारिन्दाहरू सम्पूर्ण इमानदार थिए र तिनीहरूबाट खर्च भएको धनको हिसाब लिने दरकार हुँदैनथ्यो। १६ पापबलि र दोषबलिका रूपमा दिइएको धन त्यस परमप्रभुको मन्दिरमा जम्मा गरिंदैनथ्यो। त्यस्ता भेटीचाहिँ पूजाहारीहरूको हुन्थ्यो।"

विश्वका दुई चक्रवर्ती सम्राटहरूले दानिएल विश्वासिलो र भरपर्दो थिए भनेर मानेका थिए। राजाका सनातन परमेश्वरलाई विश्वास नगर्ने मन्त्रीहरू, तन्त्रमन्त्र गर्ने झाँक्रीहरू र इन्द्रजाल गर्ने जादुगरहरूको विरोधको बावजुदपनि दानिएलले नडराइकन सत्य र उचित बुद्धिज्ञान दिने सक्षम् भएको व्यक्ति दानिएल थिए। भरपर्दो हुनु वा विश्वासिलो हुनु नैतिक आचरणको मुकुट हो। तपाईंमा भएको नैतिक नीतिहरूलाई तपाईंको विश्वासिलो गुणले

शुद्धरूपमा चित्रण गर्दछन्। तर असल भन्डारेमा हुनुपर्ने यो गुण एकै रातमा हुँदैन बरू सानोतिनो कुरामा विश्वासिलो वा भरपर्दो भएर चल्दा विश्वासिलो र भरपर्दो पक्का मानिसको तहमा पुगिन्छ।

परमेश्वरलाई विश्वास गर्ने मानिस होस् वा नहोस् सबैले हामीहरूको विश्वासिलोपन र भरपर्दो स्वभावलाई हेरिरहेको हुन्छ। हामीहरू कसैको फन्दामा पर्दैनौं, कसैको कुरामा वा चिप्लोघसाइमा पर्दैनौं भनेर अरूहरूले थाहा पाइरहेको हुन्छ। त्यसको आधारमा तिनीहरूले हामीलाई आदर गर्छन् र हामीमाथि भरपर्छन्। यस संसारमा हामीलाई जुनसुकै काम, बरदान, खुबी, दक्षता दिएका हुन्छन्, ती प्रत्येकलाई जिम्मेवारीपूर्वक कर्तव्यनिष्ठ भएर उपभोग गर्छौं वा चलाउँछौं तब हामी विश्वासिलो र भरपर्दो छौं भनेर परमेश्वरको महिमा गरेर देखाउँछौं। “ख्रीष्टको राज्यमा हामी विश्वासिलो र भरपर्दो हुनुहुनुपर्छ। परमेश्वरले हामीलाई सुम्पनुभएको उहाँको धनसम्पत्तिमा, हामीहरूको भलाइको काममा, दया र करुणा देखाउने काममा, नम्र र कोमल हुने स्वभावमा र परमेश्वरको राज्यको सिष्ट नागरिक हौं भनेर देखाउने काममा यस संसारका बुद्धिजीविहरूले देख्न सक्नुपर्दछ।"-एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च,* ठेली ६, पृ. १९०बाट रूपान्तरित।

**तपाईंको जीवनमा व्यक्तिगत रूपमा कोही विश्वासिलो र भरपर्दो भएको व्यक्तिको बारेमा सोच्नुहोस्। उसबाट तपाईंले के सिक्नसक्नुहुन्छ जसले गर्दा तपाईं पनि अझ बढि विश्वासिलो र भरपर्दो हुन सकोस्?**

## उपसंहारः

**थप जानकारीः** व्यक्तिगतरूपमा पारदर्शी हुनु वा हिसाबकिताब सफा राख्नु पनि असल भन्डारेको एक महत्वपूर्ण गुण हो। “येशूबाट मानिसहरूको दिमागलाई फर्काउने र व्यक्तिगत पारदर्शिकता वा सफा हिसाबकिताब राख्ने स्वभावलाई खतम गर्ने शैतानको योजना जहिले पनि भएको भइरहेको हुन्छ। जब शैतानले परमेश्वरको पुत्रलाई परीक्षा गर्‍यो र लोभमा फसाउन खोज्यो तब त्यसमा ऊ असफल भएको थियो। तर पतित मानिसको स्वभावमा शैतानले सफलता हासिल गर्‍यो। क्रिश्चियानिटी वा इसाई धर्म नै भ्रष्ट भयो।"-एलेन जी ह्वाइट, *अर्ली राइटिङ्स,* पृ. २१३बाट रूपान्तरित।

हामीहरूको जीवनको केन्द्रविन्दु येशू हुनुभएकोले हामीहरूलाई चाहिने अगुवाइ उहाँ नै हुनुपर्छ। हामीहरूको विवेकले उहाँको आवाजलाई ठाउँ

दिनुपर्छ। त्यसको परिणामले हामीहरूको विश्वास, बफादारिपना, निष्ठावान हुने गुण, वचन पालन गर्ने मनस्थिति, सफा र शुद्ध विवेक, विश्वासिलो र भरपर्ने लक्षण र व्यक्तिगत पारदर्शिता वा सफा हिसाबकिताब राख्ने बानी हामीले जनसमक्ष देखाउन सक्छौं। कसैसँग प्रतिस्पर्धा नगरि बरू परमेश्वरमा पूरा भएर, उहाँको नीतिमा चलेर हामी परमेश्वरको असल सञ्चितक वा भन्डारे भएर देखाउने खुबी हामीमा हुनुपर्छ (भजन १३९:२३,२४ "२३ मलाई जाँच्नुहोस्, हे परमेश्वर, मेरो मन बुझ्नुहोस्, मलाई खार्नुहोस् र मेरा विचारहरू जान्नुहोस्। २४ ममा केही दुष्टता छ कि खोज्नुहोस् र मलाई अनन्तकालको बाटोमा डोऱ्याउनुहोस्।"

व्यक्तिगत जीवनको हिसाबकिताब, पारदर्शिता वा इमान्दारिता बाइबलको नीतिले देखाइएको अत्यन्त आवश्यक गुण हो। जब येशू यस संसारमा हुनुहुन्थ्यो तब उहाँको प्रत्येक क्षणको हिसाब परमेश्वरलाई दिनुभएको थियो (यूहन्ना ८:२८)। हामीहरूले बोल्ने प्रत्येक कटु वचन, नराम्रो वचन, अरूलाई घाइट बनाउने वचनको हिसाबकिताब परमेश्वरलाई हामीले दिनुपर्नेछ (मत्ती १२:२६)। "जसलाई धेरै दिइएको छ त्यसबाट धेरै अपेक्षा गरिन्छ" (लूका १२:४८)। व्यक्तिगत पारदर्शीता वा हिसाबकिताब दिने जिम्मेवारीलाई त्रसित बनाउने कुरा भनेकै हामीहरूको जिम्मेवारी अरूलाई दिन लगाउनु हो वा अरूप्रति दोष थुपार्नु हो। "जुनसुकै भौतिक वा आत्मिक लगानीको निम्ति हामीलाई धनसम्पत्ति वा मानिसहरू सुम्पिएको छ त्यो हाम्रो आफ्नै होइन भनेर सबैको दिमागमा घुसुन्। यदि ती हाम्रै हुन भनेर दावी गर्छौं हामीले पाएको अधिकारको दुरुपयोग गरेको ठहरिन्छ। जब हामीहरूको जिम्मेवारी अरूलाई थुपार्दछौं तब परमेश्वरको सञ्चितक वा भन्डारे हुने नैतिकतालाई पन्छाउँछौं। तर यदि हामी येशूभक्ति हौं भनेर दावी गर्छौं भने हामीले त्यसो गर्न दिनुहुन्न। किनभने उहाँका भक्त हुँ भन्ने प्रत्येक व्यक्तिलाई प्रभुले उहाँको सञ्चितक वा भन्डारे हुने व्यक्तिगत जिम्मेवारी सुम्पनुभएको छ।"-एलेन जी ह्वाइट, *टेस्टिमोनिज टु मिनिस्टर,* ठेली ७, पृ. १७७बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. **यस अध्यायमा हामीहरूले असल भन्डारे वा सञ्चितकका छाप वा मार्काहरू हामीले हेऱ्यौं। तिनीहरूको समिक्षा गर्नुहोस्। जस्तैः व्यक्तिगत पारदर्शिता वा हिसाबकिताब सफा**

राख्ने चलन, विश्वासिलो, निष्ठावान र भरपर्दो हुने स्वभाव, वचन पालन गर्ने वा आफूले भनेको प्रतिज्ञा पूरा गर्ने र परमेश्वरको आज्ञालाई पालन गर्ने गुण, बफादारिता र सफा तथा शुद्ध विवेक। ती सबै एक आपसमा कसरी सम्बन्धित रहेको हुन्छ? तिनीहरूमा एउटामामात्र चुकियो भने अरू पनि कसरी भासिन सक्छ? अर्थात् एउटामा अडिग हुँदा अरूमा पनि कसरी बलियो भएर बस्न सकिन्छ?

आ. कोही दोषी मनस्थिति वा आफू नराम्रो छु भनेर पीडामा बसेको छ भने सुसमाचारमा दिइएका प्रतिज्ञाहरूमा ध्यान लगाउनुहोस्। तपाईंले कुन प्रतिज्ञालाई दावी गर्न सक्नुहुन्छ?

इ. बफादारी हुनु आफै असल कुरो हो भनेर हामी अक्सर कुरा गर्छौं। तर के त्यो सधैं असल हुन्छ भन्ने छ र? कुनै खराब वा कुनै खराब व्यक्तिप्रति पनि हामी कसरी बफादारी हुन सक्छौं? बफादारी भन्ने अवधारणलाई असलमामात्र लगाउने परिवेशमा हामी आफूलाई ढाल्नुपर्छ भनेर सधैं कसरी सजग भएर बस्ने?

## कथा ६
## श्रीमतीको प्रार्थनाले जवाफ पाउँछन्
## बेलिज, ओल्गा ची, ३९ र जोनी ची, ७०

जब अल्गा चीले आफ्नो श्रीमान जोनीले उनीसँग प्रथम पटक सेभेन्थ-डे एडभेन्टिस्टमा जान अनुरोध गरिन् उनले यस्तो तितो जवाफ दिए, "म कुनै पनि चर्चमा जान सक्छु तर एडभेन्टिस्ट चर्चमाचाहीँ जान्न!" एडभेन्टिस्ट चर्च इसाई चर्च होइन तर मानिसहरूलाई फसाउने साम्रप्रदायिक झुण्ड हो भनेर जोनीले सोचेका थिए। केही हप्तापछि पनि त्यही अनुरोध गर्दा श्रीमानले अस्वीकार गरे। ओल्गा र जोनीले बेलिजको १५,००० जनसंख्या भएको अरान्ज वाक भन्ने सहरमा चर्च खोज्दै थिए। दुवै जनाको धर्मप्रति त्यस्तो गम्भीर चासो थिएन। तर ओल्गाले चर्च जान धेरै मन गरेकी थिइन्। तिनीहरू साथीसँग धेरै पल्ट आइतबार चर्चमा गएका थिए। तर त्यहाँको परम्पराले गर्दा केही न केही ठीक नभएको तिनीहरूले ठानेका थिए। "जब जब हामी चर्चबाट बाहिर निस्क्यौं हामीहरूको जीवन जस्ताको त्यस्तै थियो। हामी साथीहरूसँग जुवातास खेल्थ्यौं। मेरो श्रीमानले जाँडरक्सी पिउनुहुन्थ्यो। मेरो मनमा रित्तोपना थियो। मलाई के भइरहेको छ सो मलाई थाहा थिएन।" ओल्गाले भनिन्।

तिनीहरूको घरदेखि पछाडिको घरमा एक एडभेन्टिस्ट परिवार बस्दथ्यो। श्रीमती ओल्गाको पर्खालमा आएर उनीसँग कुराकानी गर्दथिन् र प्रार्थना पनि गर्दथिन्। दुई पल्ट उनले ओल्गा र उनका तीन छोराछोरीहरूलाई चर्चमा आउन अनुरोध गरेकी थिइन्। त्यसैबेला उनको श्रीमान जोनीले एडभेन्टिस्ट चर्चमा जान अनुरोध ओल्गाले गरेकी थिइन्। अन्तमा तिनीहरू उदारवादी आइतबार चर्चमा जान थाले। जोनीले त्यो ठाउँ अति मन पराए र तिनीहरू करिब पाँच वर्षसम्म त्यस चर्चमा गए। पछि गएर ओल्गा र जोनीले तिनीहरूको जीवनमा केही न केही कमी भएको महसुस गरे। तिनीहरूले सहायताको निम्ति परमेश्वरसँग प्रार्थना गर्न थाले। केही दिनपछि एक जना आफन्तले जोनीलाई आफ्नो देशको टाढा भागमा पिजा रेस्टुराँ खोल्न सघाउन मद्दत मागे। जब जोनी गए तब ओल्गाले प्रार्थना गरिन्, "हे प्रभु हामी यहाँबाट सर्नुपर्छ भने केही चिन्ह देखाउनुहोस्। मेरा छोराछोरी र लुगाफाटाबाहेक यस घरबाट केही नलान चिन्ह दिनुहोस्।" त्यस प्रार्थनाको बारेमा उनले कसैलाई

पनि भनिन्। चार हप्तापछि जोनीले ओल्गालाई फोन गरेर भने कि तिनीहरू सबै जना त्यस ठाउँबाट सर्दैछन्। उनले भने, “केही कुराको सुर्ता गर्नुपर्दैन। तिमीहरूको निम्ति घरमा सबै थोक हुन्छ। घर सजाउने सबै थोक यहाँ हुन्छ। छोराछोरीहरूको निम्ति पनि स्कुल छ। बिजुली बाहेक तिमीहरूलाई चाहिने सबै थोक यहाँ छ" जोनीले ओल्गालाई भने। यो त प्रार्थनाको जवाफ जस्तो लाग्यो। तब ओल्गा आफ्ना छोराछोरीहरूसँगै त्यो ठाउँ छोडेर जोनी भएको ठाउँमा गए। आफ्नै गइरहेको चर्चको शाखा तिनले त्यहाँ पनि भेट्टाइन्। चर्चको अगाडि राखिएको बाइबलको पदमा उनको आँखा पऱ्यो। त्यसमा लेखिएको थियो, “यदि तिमीले उहाँको आवाज सुन्यौ भने तिम्रो हृदयलाई कठोर नपार" (हिब्रू ३:१५ रूपान्तरित)। छ महिनासम्म त्यो पद प्रत्येक आइतबार ओल्गाले पढिन्। जोनीको काम सिद्धिएपछि तिनीहरू पुरानै ठाउँमा सरे र पुरानै चर्चमा फर्के तर केही न केही ठीक नभएको तिनीहरूले महसुस गरे।

एक दिन ओल्गाले रेडियो खोल्दा एडभेन्टिस्ट प्रचारक दो बाचलरले साबथको बारेमा वचन सुनाइरहेको उनले सुने। “जब उनको वचन सुनें तब मेरो मन कताकताबाट खुशीले उफ्रिएको अनुभव गरें। अनि मेरो हृदय कठोर नगर्नु भनेर लेखिएको बाइबलको पद सम्झें र मैले तुरन्तै केही गर्नुपर्छ भनेर निर्णय गरें" ओल्गाले भनिन्। जोनीले भर्खर खोलेको रेष्टुराँमा काम गरिरहेको थाहा पाइन्। “साबथको बारेमा तपाईंले के भन्नुहुन्छ?" आफ्नो श्रीमानलाई ओल्गाले भनिन्। जोनीले चिच्चयाएर भने, “साबथको बारेमा मलाई कहिल्यै पनि नसुनाउनु! साबथ जुन दिन पनि हुनसक्छ, चाहे बुधवार होस् चाहे शुक्रबार होस्। त्यसको केही मतलब छैन।" ओल्गाले एक छिन चुप लागेर भनिन् “यदि हामीहरूले यस कुरामा विवाद गर्छौं भने यो परमेश्वरबाट होइन। अहिले केही नभनौं।" त्यस दिन ओल्गाले रेस्टुराँको भान्सामा घुँडा टेकेर प्रार्थना गरिन् “हे प्रभु, यदि साबथ पालन गर्ने तपाईंको चाहना हो भने मेरो श्रीमान पनि मसँग चर्चमा आउन दिनुहोस्। तपाईंले नै हामी परिवारलाई सृष्टि गर्नुभएको हो र परिवार टुक्रिएको तपाईं चाहनुहुन्न। त्यस रात ओल्गा बेलुका ९बजे सुत्न गइन्। त्यस रात एक बजे जब बाथरुम जान उनी उठिन् तब जोनी कम्प्युटरको अगाडि बाइबल खोलेर पढिरहेको उनले देखिन्। उसले बाइबलमा केही न केही खोजिरहेको थियो। जोनीलाई केही पनि नभनेर र ओल्गा फेरि सुत्न गइन्। भोलिपल्ट बिहान ओल्गा काममा जान लागेको

बेलामा उनलाई अचम्म पार्दै जोनीले भने, "के तिमीलाई थाहा छ? हामीले परमेश्वरलाई साबथको दिनमा आराधना गर्नुपर्छ भनेर म पूरा रूपमा विश्वस्त भएको छु।" मन कसरी बदलियो भनेर ओल्गाले आफ्नो श्रीमानलाई सोधिन्। "तिमी सुत्न गएपछि मैले टेलिभिजन खोलें र दो बाट्चलरको कार्यक्रम हेर्नपुगें। उनले दश आज्ञाहरूको बारेमा प्रचार गर्दै थिए। कतिपय मानिसहरूले चौथौ आज्ञाको बारेमा गलत शिक्षा दिइरहेका छन् भनेर उनले भने। अनि मैले राती बाइबलमा उनले भनेको कुरा कतिको सत्य छ भनेर खोजनिति गरेको थिएँ" जोनीले भने। त्यसको अर्को साबथ ओल्गा र जोनी एडभेन्टिस्ट चर्चमा गए र त्यहाँबाट तिनीहरू फेरि कहिल्यै पनि फर्केनन्।

(लेखक: आन्ड्रु मकचिस्नी)।

**<u>बेलिजको बारेमा थप जानकारी:</u> बेलिजको राष्ट्रिय फूल कालो अर्किड वा सुनाखरी हो। लामो चुच्चो भएको टुकान चरा राष्ट्रिय चरा हो। १८५माइल लामो बेलिजको समुद्रको किनारामा ४०० भन्दा बढि बिभिन्न खालका माछाहरू छन्। त्यहाँ भएको बिशेष चितुवा अरू संसारमा कहीं पनि छैन। ककस् कुम्ब बेसिन वाइल्ड लाइफ सान्क्टुरी पार्कमा उक्त चितुवा आरक्षित छ।**